नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# केन्द्रीय पञ्जीकरण विभाग
बबरमहल, काठमाडौं

पत्र संख्या: २०७३।०७४
चलानी नम्वर: ८४४

फो.नं. ०१४२५७७८३
फ्याक्स : ०१४२५८२४०
मिति : २०७३-१२-०४

विषय:- **निर्देशन कार्यन्वयन गर्ने।**

श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै ।
श्री महा-नगरपालिका कार्यालय, सबै ।
श्री उप-महानगरपालिका कार्यालय, सबै ।
श्री नगरपालिका कार्यालय, सबै ।
श्री गाऊँपालिका कार्यालय, सबै ।

नेपाल सरकार वाट मिति २०७३/११/२७ मा नेपाल राजपत्रमा प्रकाशित सुचना अनुसार गठित नगरपालिका तथा गाऊँपालिका वाट सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७२ संशोधन सहित र संलग्न निर्देशन अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गर्न सम्बन्धित निकायमा कागजात हस्तान्तरण गर्ने र भत्ता वितरणको जानकारी शीघ्र यस विभागलाई जानकारी गराउन हुन निर्णयानुसार अनुरोध छ।

**बोधार्थ**

श्री स्वायत्त शासन महाशाखा
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

2073/12/04

..................
समिता पोखरेल
(शाखा अधिकृत)

**नेपाल सरकार**
**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
**केन्द्रिय पन्जीकरण विभाग**

**परिवर्तित गाउपालिका/नगरपालिका मार्फत सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी निर्देशन**

१) वितरण गर्न बाँकी सामाजिक सुरक्षा भत्ता हालका गाउ/नगरपालिका मार्फत वितरण गर्ने ।

२) साविकमा रहेको गाविसहरु हालका गाउ/नगरपालिकामा समाहित भएकाले ती गाविसहरु वाट वितरण हुने रकम हाल कायम गाउ/नगरपालिकाले वितरण गर्ने, लगत राख्ने तथा प्रतिवेदन पठाउने ।

३) साविकका गाविसहरु साविक देखि कायम रहेका नगरपालिकामा गाभिएको भएमा ती गाविसका लाभग्राहीहरुलाई वितरण गर्ने आवश्यक रकम जि.स.स ले सो नगरपालिकामा पठाउने । त्यस्तो रकमको लागि आवश्यक कागजात सहित नगरपालिकाले जिससबाट निकासा माग गर्ने, वितरण गर्ने र जि.स.स.मा नै भरपाई पेश गरी फछ्यौट गर्ने ।

४) कुनै गाविसको केही वडा गाउपालिका वा नगरपालिकामा समावेश भएको भए ती वडाका लाभग्राहीको अभिलेख हाल कायम नगरपालिका वा गाउपालिकाले प्राप्त गरी हालकै गाउ/नगरपालिकाले भत्ताका लागि आवश्यक रकम जिसस संग निकाशा लिई वितरण गर्ने तथा जि.स.स.मा आवश्यक विवरण पेश गरी फछ्यौंट गर्ने गराउने ।

५) साविकको गाविसमा निकाशा गएको तर भत्ता वितरण भईनसकेको अवस्थामा सो रकम वितरण गरी हाल कायम गाउ/ नगरपालिकाले आवस्यक कागजात जि.स.स मा पेश गरी फछ्यौंट गर्ने गराउने र साविकको गा.वि.स.मा रहेको कागजात सम्बन्धित गाउ/नगरपालिकामा हस्तान्तरण गर्ने उक्त सबै कार्यको नियमित जानकारी विभागलाई सम्बन्धित गाउ/न.पा.ले गराउने ।

।

६) लाभग्राहीको विवरण MIS प्रविष्टी गर्न बाँकी भएमा नगरपालिकाको हकमा नगरपालिकाले नै गर्ने र गाउपालिकाको हकमा जि.स.स.को कार्यालयले सम्पन्न गर्ने ।

७) साबिकमा रहेका स्थानीय निकायहरुले सामाजिक सुरक्षा सम्बन्धी कागजात हस्तान्तरण गर्नु पर्ने भएमा नयां गठन गरिएका गाउपालीका तथा नगरपालिका हरुमा हस्तान्रण गरी भत्ता वितरण गर्ने र सो को जानकारी यस विभागमा गर्नु गराउन हुन ।

२०७३/१२/६

महानिर्देशक